# नेपाल स्काउट राष्ट्रिय प्रधान कार्यालयको

## लागि स्काउट पसलको लागि सामाग्री खरिद र ट्राभल एजेन्सीसम्बन्धी सेवा खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**पुनः प्रकाशित मिति : २०७६।११।०३**

नेपाल स्काउट राष्ट्रिय प्रधान कार्यालयको आ.व. २०७६/०७७ को लागि आवश्यक पर्ने देहायअनुसारका सामाग्री तथा ट्राभल एजेन्सीसम्बन्धी सेवा खरिद गर्नका लागि इजाजत प्राप्त इच्छुक आपूर्तिकर्ताहरूबाट निम्नलिखित सर्तहरूको अधीनमा रही छुट्टाछुट्टै सिलबन्दी दरभाउपत्र आह्वानको सूचना पुनः प्रकाशित गरिएको छ।

**तपसिल :**

| क.सं. | विवरण | आवश्यक संख्या |
| --- | --- | --- |
| ख | स्काउट पसलको लागि सामाग्री खरिद | आवश्यकतानुसार |
| ग | ट्राभल एजेन्सीसम्बन्धी | आवश्यकतानुसार |

**सर्तहरू**

१) दरभाउपत्र पुनः सूचना प्रकाशित भएको मितिले ७औं दिन (बिदा परेमा सोको लगतै कार्यालय खुलेको दिन) भित्र व्यक्ति वा फर्महरूले निवेदन दिई रु. १,०००/- (फिर्ता नहुने गरी) बुझाई कार्यालय समयभित्र दरभाउपत्र फाराम खरिद गर्न सकिनेछ।

२) खरिद भएको दरभाउपत्र फाराम प्रष्टसँग भरी व्यक्ति वा फर्मले प्रत्येक पानामा सहीछाप गरी, सिलबन्दी गरी खाम बाहिर व्यक्ति वा फर्मको नाम, ठेगाना, सम्पर्क फोन प्रष्टसँग लेखी ८औं दिन (बिदा परेमा सोको लगत्तै कार्यालय खुलेको दिन) दिनको १२:०० बजेसम्ममा यस कार्यालयमा दर्ता गराउनुपर्नेछ। दर्ता भएका दरभाउपत्रहरू सोही दिन दिनको ३:०० बजे उपस्थित दरभाउपत्रदाताहरू तथा निजका प्रतिनिधिहरूको रोहबरमा खोलिने छ। दरभाउपत्रदाताहरू तथा निजका प्रतिनिधिहरू उपस्थित नभएमा पनि दरभाउपत्र खोलिने छ।

३) एक व्यक्ति वा फर्मको नाममा खरिद भएको दरभाउपत्र अर्को व्यक्ति वा फर्मको नामबाट बुझाउन पाइने छैन र उल्लेखित कार्य गर्न सम्बन्धित क्षेत्रमा ५ वर्षको अनुभव भएको हुनुपर्नेछ। साथै उल्लेखित सामाग्रीहरू आपूर्तिको लागि सो सम्बन्धी स्पेसिफिकेसन यस कार्यालयबाट उपलब्ध गराइनेछ।

४) दरभाउपत्र सर्त रहित, केरमेट नभएको, नेपाल स्काउटले उपलब्ध गराइएको दरभाउपत्र फाराममा कुनै थपघट वा द्रष्टव्य नलेखेको हुनुपर्नेछ। समयभित्र प्राप्त नभएको, रीत नपुगेको, सूचनाका सर्त विपरीत भएको दरभाउपत्र माथि कुनै कारबाही हुनेछैन। केरमेट भएको खण्डमा सम्बन्धित व्यक्ति वा फर्मको सहीछाप लगाएको हुनुपर्नेछ।

५) दरभाउपत्र भर्दा दररेट स्पष्ट रूपमा अक्षर र अंकमा उल्लेख गर्नुपर्नेछ। अक्षर र अंकमा फरक पर्न गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ।

६) दरभाउपत्रसम्बन्धी अन्य कुनै कुरा बुझ्न परेमा कार्यालय समयभित्र नेपाल स्काउट लैनचौरमा सम्पर्क गर्न सकिने छ।

७) यस सूचनामा नपरेका अन्य कुराहरू सार्वजनिक खरिद ऐन २०६३ (संशोधित), सार्वजनिक खरिद नियमावली २०६४ (संशोधित) र अन्य प्रचलित ऐन नियमानुसार हुनेछ। साथै सुरक्षा सेवा आपूर्तिका लागि श्रम ऐन २०७४ र नियमावली २०७५ अनुसार हुनेछ।

**नेपाल स्काउट**

राष्ट्रिय प्रधान कार्यालय, लैनचौर, काठमाडौं

फोन : ४४१९००१, ४४२५७६२, फ्याक्स : ४४१३३६९

Email: info@nepalscouts.org